'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १५५ | विहिबार १७ माघ, २०८१ | 30 (Thursday) January 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### मेयरकपमा चार विधामा २ हजार बढी खेलाडीले प्रतिस्पर्धा गर्दै

# कोहलपुरमा ८औं मेयरकप रनिङ शिल्ड तथा राष्ट्रपति रनिङ शिल्ड छनौट खेलकुद प्रतियोगिता शुरु

■ भीम रावत
कोहलपुर, माघ/१६

कोहलपुर नगरपालिकाको आयोजना तथा कोहलपुर नगर खेलकुद विकास समितिको सञ्चालन र व्यवस्थापनमा बुधबार देखि कोहलपुरमा ८औं मेयरकप रनिङ शिल्ड तथा राष्ट्रिपति रनिङ शिल्ड छनौट खेलकुद प्रतियोगिता शुरु भएको छ। कोहलपुर नगरपालिकाका नगर प्रमुख पूर्ण प्रसाद आचार्यले एक भव्य कार्यक्रम बिच मेयर कपको उद्घाटन गरेका हुन। "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मुख्य नाराका साथ सुरु भएको सो प्रतियोगिता कोहलपुर नगरपालिका-१ स्थित कृष्ण माध्यमिक विद्यायलयमा सञ्चालन भएको छ। मेयर आचार्यले उक्त रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन मन्तव्य राख्दै कोहलपुरलाई खेलकुदको हवको रुपमा विकास गरिने बताएका थिए। आचार्यले भने, 'खेलकुदका माध्यमले कोहलपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा खेलाडी जन्माएको छ, खेलकुद जस्तै शिक्षा र स्वास्थ्य क्षेत्रमा निकै अगाडि छ, बालबालिकालाई कक्षाकोठामा मात्र सिमित नगराई विभिन्न गतिविधिमा समावेश गराई बहुआयमिक बनाउन नगरपालिका लागिरहेको छ।' यस्तै कार्यक्रमका सभापति तथा नगर खेलकुद विकास समितिका अध्यक्ष चक्र चिमाल क्षेत्रीले खेलकुद मार्फत कोहलपुरलाई बाँके जिल्लामा मात्र होइन विश्वमा चिनाउन लागि परेको बताए। क्षेत्रीले भने, 'ग्रासरुटबाट नै खेलकुदमा अग्रसर बनाउन प्रावि विद्यालयहरुका बालबालिकाहरुलाई सहभागि बनाएका छौं, बालबालिका भनेका काचो माटो हुन, उनीहरुलाई जस्तो बनायो उस्तै बन्छन्।' त्यसैले प्रावि तहबाट नै खेलकुदका विभिन्न विधाहरुमा सहभागि बनाउन सुम्पूर्ण खेलकुद शिक्षकलाई समेत आग्रह गरे। उद्घाटन कार्यक्रममा कोहलपुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख राम बहादुर हमालले स्वागत मन्तव्य राखेका थिए। प्रतियोगितामा एथ्लेटिक्स, भलिवल, कपडी र मार्सलआर्ट गरी चार विधाका विभिन्न खेलहरु हुदैछन्। प्रतियोगिताको औपचारिक उद्घाटन बुधबार दिउसो गरिएको भए पनि विभिन्न खेलका प्रतिस्पर्धाहरु विहान ७ बजेबाट सुरु भैसकेका थिए। उक्त प्रतियोगितामा कोहलपुर नगर क्षेत्रका (सामुदायिक र निजी) ५३ विद्यालयका २ हजार १ सय ६७ जना खेलाडीक (छात्रछात्रा)हरुले विभिन्न विधाका खेलहरुमा प्रतिपर्धा गर्ने छन्। जसमा छात्र १ हजार ३ सय ७ जना र छात्रा ८ सय ६० जना रहेका छन्। मेयर कप रनिङ शिल्ड प्रतियोगितामा मावितर्फ प्रथम हुनेलाई रु ७५ हजार, द्धितीय हुनेलाई रु ६५ हजार र तृतीय हुनेलाई रु ५५ हजार रहेको छ भने आवितर्फ प्रथम, द्धितीय र तृतीय हुनेले क्रमशः रु २५ हजार, २० हजार र १५ हजार नगद प्राप्त गर्नेछन्। प्रतियोगिता मावितर्फ र आवि गरी दुई तहमा प्रतिस्पर्धा हुनेछ। साथै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई रु ५१ हजार नगद सहित सम्मान गरिने कृष्ण माविका प्रअ एवं यस रनिङ शिल्ड प्रतियोगिताका सदस्य सचिव दीलिप वलीले जानकारी गराएका छन्। नगर खेलकुद विकास समितिका संयोजक चक्र चिमाल क्षेत्रीले आठौं मेयरकप तथा १७औं पालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगितालाई खेल उत्सवका रुपमा मनाउन लागेको बताएका छन्। क्षेत्रीले भने, 'कोहलपुरलाई खेलकुदको हवका रुपमा विकास गरेर राष्ट्रिय स्तरसम्ममा पहिचान स्थापित उद्देश्यले विद्यालय स्तरका विभिन्न खेल प्रतियोगिताहरु भैरहेका छन्।' खेलकुद प्रतियोगिताका नगरपालिकाले १० लाख वजेट विनियोजन गरेको र विद्यालयको प्रवेश शुल्क करिब ३ लाख संकलन भएको सदस्य सचिव वलीले जानकारी दिए। उद्घाटन समारोहमा विभिन्न झाँकी, सिगांरु नाच, दमाह नाच तथा अन्य सांस्कृतिक नृत्यहरु समेत प्रस्तुत भएको थियो। कार्यक्रममा कोहलपुर नगरपालिका उपप्रमुख संगिता सुवेदी, प्रमुख प्रशासकिय अधिकृत मान बहादुर गिरी, सामाजिक विकास समिति संयोजक ईश्वरी प्रसाद विश्वकर्मा, कोहलपुर नगरपालिकाका १ देखि १५ नम्बर सम्मका वडा अध्यक्ष, सामुदायिक तथा संस्थापक विद्यालयका प्रअ तथा संस्थापक, नेपाली काँग्रेसका नगर सभापति तथा कोहलपुर १२ का वडा अध्यक्ष विरेन्द्र कुमार शाह, नेकपा एमालेका नगर अध्यक्ष कुल बहादुर भट्टराई लगायत अन्य शिक्षक, कर्मचारी, विद्यार्थी लगायत २ दर्जन बढि पत्रकारहरुको सहभागिता रहेको थियो।




**कोहलपुरलाई खेलकुदको हप बनाउँछौं।**



**पूर्ण प्रसाद आचार्य**
**नगरप्रमुख**
**कोहलपुर**

'खेलकुदका माध्यमले कोहलपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा खेलाडी जन्माएको छ, खेलकुद जस्तै शिक्षा र स्वास्थ्य क्षेत्रमा निकै अगाडि छ, बालबालिकालाई कक्षाकोठामा मात्र सिमित नगराई विभिन्न गतिविधिमा समावेश गराई बहुआयमिक बनाउन नगरपालिका लागिरहेको छ।'

**ग्रासरुटबाटै खेलकुद सिकाउँछौं।**



**चक्र चिमाल क्षेत्री**
**अध्यक्ष**
**नगर खेलकुद विकास समिति, कोहलपुर न.पा.**

'ग्रासरुटबाट नै खेलकुदमा अग्रसर बनाउन प्रावि विद्यालयहरुका बालबालिकाहरुलाई सहभागि बनाएका छौं, बालबालिका भनेका काचो माटो हुन, उनीहरुलाई जस्तो बनायो उस्तै बन्छन्।'

# टुक्रे योजनालाई प्रदेशसरकारको प्राथमिकतामा छैनन् : मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता
बाँके, माघ/१६

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले आगामी बजेटमा टुक्रे योजनालाई निरुत्साहित गर्ने रणनीति बनाएको बताएका छन्। नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीको नेपालगन्जमा आयोजना गरिएको चौथो पूर्ण बैठकलाई बुधबार सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा टुक्रे र साना योजनालाई निरुत्साहित गर्दै ठुला र मझौला खालका योजनाहरूमा बजेट केन्द्रित गर्ने बताएका हुन। नेकपा एमालेको नेपालगञ्जमा चलिरहेको लुम्बिनी प्रदेश कमितिको बैठकमा मुख्यमन्त्री आचार्यले भने, 'योजनाहरू छरेर होइन, परिणाममुखी बनाएर जाने सरकारले रणनीति बनाएको छ, यसमा पार्टीको पनि ध्यान जान आवश्यक छ। मझौला र ठुला योजना कार्यान्वयनमा सरकारले ध्यान दिने योजना बनाइरहेको छ।' आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम बनाउँदा संस्थागत प्रक्रियालाई प्राथमिकतामा राखिने बताए। योजना छनौंटमा देखिएको विकृति रोक्नकै लागि रु ५ लाख लाखभन्दा माथिका योजना प्रतिस्पर्धाबाट कार्यान्वयन गर्ने निर्णयमा सरकार पुगेको बताउँदै आचार्यले हरेकखाले विकृतिहरू रोक्न सरकार निर्मम भएर अगाडि बढ्ने दाबी गरे। बैठकमा मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको प्राथमिकता, हाल सञ्चालन भइरहेका कार्यक्रम र भावी योजनाबारे जानकारी गराएका थिए। सरकारले अघि सारेका गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखेर कार्यान्वयनलाई अघि बढाएको आचार्यको दाबी छ। मुख्यमन्त्री आचार्यले आफु सरकारको नेतृत्वमा पुगेपछि प्रदेश सरकारले गरेका काम, प्राथमिकता, भावि योजना सहितका विषयहरू समेटिएको प्रतिवेदन पार्टीका प्रदेश इञ्चार्ज पद्मा अर्याल र पार्टीका प्रदेश अध्यक्ष राधाकृष्ण कँडेललाई बुझाएका छन्।




नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सधैं कर्मकाण्डी शहिद दिवस

विसं १९९० को दशकमा आएर नेपालको पहिलो राजनीतिक दलको रुपमा प्रजा परिषद्को स्थापना भएपछि निरंकुश राणाशासन बिरुद्धको बिद्रोह संस्थागतरुपमा अगाडि बढ्यो। त्यसक्रममा १९९७ साल माघ १० देखि १६ गतेसम्म चारजना योद्धाहरु धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र शुक्रराज शास्त्रीको हत्या गरियो। त्यसकै सम्झनास्वरुप माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह मनाइन्छ भने सप्ताहको अन्तिम दिन सहिद दिवसका रुपमा मनाउने गरिन्छ। चार सहिदहरुकै बलिदानको जगमा २००७ सालमा प्रजातन्त्र स्थापना भयो र नेपाली जनताले १०४ वर्ष लामो निरंकुश जहानियाँ राणा शासनबाट मुक्ति पाए। त्यसपछि पनि पटक–पटक नेपाली जनताले विभिन्न आन्दोलन र युद्धहरु गर्नुपर्‍यो । सहिदहरुको बलिदानकै परिणामस्वरुप आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं। त्यसैले आजको राजनीतिक परिवर्तन र यसबाट नेपाली जनताले प्राप्त गरेका विभिन्न खाले अधिकारको पहिलो जस सहिदहरुको बलिदानलाई दिनुपर्छ। आज हामी जुन राजनीतिक प्रणालीमा छौं, आजसम्मका अभ्यासहरुको तुलनामा यो उत्कृष्ट र प्रगतिशील व्यवस्था हो। कम्तिमा राजनीतिक रुपमा यो प्रणालीले मान्छेलाई मान्छेको रुपमा सम्मान गर्ने कानुनी व्यवस्था गरेको छ । बरु यसको कार्यान्वयनमा भइरहेका कमीकमजोरी र ढिलासुस्तीका कारण जनताले अपेक्षाकृत रुपमा राजनीतिक अधिकारको प्रयोग गर्न सकिरहेका छैनन् । अब योभन्दा राम्रो र अझै प्रगतिशील व्यवस्थामा जाने हो भने त्यसका लागि सधैं बाटो खुला नै रहन्छ किनकि समयको गति र समाजको विकासक्रमसँगै समाजलाई व्यवस्थित गर्ने राजनीतिक प्रणाली समय सापेक्ष परिवर्तन हुँदै जान्छन् । तर पछाडि फर्कने छुट भने कसैलाई हुँदैन । जनताले प्राप्त गरेको राजनीतिक अधिकारको प्रयोग प्रभावकारी बनाउनुको साटो यसबाट पछाडि फर्कने कसैले चर्चा मात्र गर्छ भने पनि त्यो सहिदहरुको उच्च बलिदानको प्रतिकूल हुनेछ । त्यसैले अबको भनेको प्राप्त राजनीतिक उपलब्धिको रक्षा र विकास गर्दै संविधान प्रदत्त अधिकारको प्रभावकारी प्रयोग गर्ने वातावरण बनाउनु नै अबको नेपाली राजनीतिको सुस्पष्ट दिशा हो। यसलाई सबैले बुझ्ने भाषामा भन्दा फेरिएको व्यवस्था अनुकूल जनताको अवस्था बदल्नु अबको सही बाटो हो।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# अधुरै छन् सहिदका सपना

**हस्त बहादुर केसी**

*'हुँदैन बिहान मिरमिरेमा तारा झरेर नगए बन्दैन मुलुक दुई चार सपुत मरेर नगए ।' आज माघ १६ गते, सहिद दिवस ।*



हस्तबहादुर केसी

> सहिदले देखाएको बाटो र दिशातर्फ इमानदारीपूर्वक अग्रसर हुने प्रतिबद्धता जनाउने अवसरका रुपमा लिन सक्नु पर्छ । महान् सहिदहरूको सपना साकार पार्न इमानदार हुने अठोट गर्न सक्नु पर्छ ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट आज १०४ वर्षे जहानियाँ राणा शासनकाविरुद्ध आवाज बुलन्द गर्नुहुने र निरङ्कुशताको कालो बादल हटाएर नेपाली धर्तीमा प्रजातन्त्रको उज्यालो घामका किरण फिँजाउने महान् उद्देश्यका साथ आवाज उठाउने चार नेपाली सपुत शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठले सहादत प्राप्त गरेको दिन हो । त्यसैले आज नेपालको राजनीतिक इतिहासमा एक ऐतिहासिक दिन हो, सुनौला अक्षरले लेखिएको दिन हो । विसं १९९३ मा भूमिगत रूपमा प्रजापरिषद्को गठन भएको थियो । त्यसलाई नै नेपालको पहिलो राजनीतिक सङ्गठन मानिन्छ। अधिनायकवादी राणा शासनको अन्त्य गरेर प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने र नेपाली जनताका हक अधिकारको सुनिश्चितता कायम गर्ने लक्ष्य प्रजापरिषद्ले बनाएको थियो। चारै जना प्रजा परिषद्का सदस्य थिए । आफ्नो जीवनको कुनै प्रवाह नगरी देश र जनताका पक्षमा बलिदान गर्नेहरू वास्तवमै महान् हुन्छन् । नेपाली जनताको मुक्तिका लागि भएका सङ्घर्ष, आन्दोलन, लडाइँको अग्रपङ्क्तिमा रहेर जीवनको बलिदानी दिने महान् कर्मवीरलाई सहिद भनिन्छ । व्यक्तिगत जीवनको नाफाघाटा नहेरेर बृहत्तर समाजको हितका लागि सहिदले आफ्नो जीवन अर्पण नगरेको भए आज राणा शासन र पञ्चायतलगायत विभिन्न निरङ्कुश तन्त्रहरूको जञ्जिरबाट बाहिर कहाँ आउन सक्थ्यौं र हामी ? माथि उल्लेखित कवि भूपि शेरचनको कविताले भने झैं हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको । तिनको स्मरण र सम्मान गर्नु समस्त देशव्यापीको कर्तव्य हुन्छ । यस्तै महान् सहिद, जसले निरङ्कुश राणा शासनको पञ्जाबाट नेपाली जनतालाई मुक्त गर्न ज्यानको बाजी लगाए, तिनको स्मरणका साथै मुलुकमा हालसम्म परिवर्तनका लागि भएका जनआन्दोलन, जनसङ्घर्ष, सशस्त्र सङ्घर्षमा बलिदान हुनेसमेतको स्मरण हरेक वर्ष माघ १० गतेदेखि १६ गतेसम्म सहिद सप्ताह मनाउने गरिन्छ। नेपालको राजनीतिक इतिहासमा पटक पटक भएका आन्दोलनमा थुप्रै सपुतले मृत्युवरण गरेका छन् । सहिदहरूको सूची धेरै लामो छ । जनतामाथिको शोषण, दमन, अन्याय एवं अत्याचार सहन नसकी शासक र शासन प्रणालीका विरुद्ध आवाज उठाउँदा हत्या गरिएका ती महान् सहिद समस्त नेपाली जनताका आस्थापुञ्ज हुन। उनीहरूकै बलिदानका कारण आज मुलुकमा ठुलो राजनीतिक, आर्थिक, सामाजिक परिवर्तन भएको छ । मुलुकमा सङ्घीय गणतन्त्र स्थापना भएको छ । मान्छेले बोल्न, लेख्न, राजनीतिक दलहरू खोल्न, सञ्चालन गर्न र आफूले चाहेको राजनीतिक दलमा सङ्गठित हुने, निर्वाचनमा भाग लिन पाउने र आफूले चाहेको उम्मेदवारलाई मत हालेर जिताउन पाउने अधिकार प्राप्त गरेका छन् । वाक् तथा प्रेस स्वतन्त्रता प्राप्त गरेका छन् । यी सबै उपलब्धि पनि ती महान् सहिदहरूको रगतको परिणाम हो । ती महान् सहिदहरूको सपना यतिमा सीमित थिएन । यही वर्तमान व्यवस्था स्थापना गर्नुका लागि मात्रै उनीहरूले नेपाली धर्तीमा रगत बगाएका थिएनन् । उनीहरूले मुलुकमा पूर्ण प्रजातान्त्रिक व्यवस्था निर्माणका महान् सपनाहरू बोकेका थिए । सम्पूर्ण जनताको गाँस, बास र कपासको ग्यारेन्टी भएको व्यवस्था निर्माणका खातिर जीवन आहुति दिएका थिए तर आज ती महान् सहिदहरूले देखेका सपनाहरू अधुरै छन्, अपूरै छन् । उनीहरूले मुलुकमा आर्थिक सम्मुन्नतिको सपना देखेका थिए, देशमा गरिब र अभाव, अशिक्षा कायमै छ । मुलुकमा रोजगारीको अभावका कारण आज लाखौँको संख्यामा युवा शक्ति विदेश पलायन भइरहेका छन् । जनताले सुशासनको अनुभूति पाउन सकिरहेका छैनन् । ती महान् सहिदहरूले आमूल परिवर्तनसहितको राजनीतिक व्यवस्था स्थापना गर्ने सपना बोकेका थिए, जनवादी तथा वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि जीवन उत्सर्ग गरेका थिए । ती महान् सपनाहरू आज अधुरै छन्, अपूरै छन् । सहिदको योगदान आज ओझेलमा पर्दै गएको अवस्था छ । सहिदको परिभाषा, मापदण्ड र गरिमाबारे राज्य स्पष्ट हुनुपर्नेमा त्यसको अभावमा सहिदको अपमान भइरहेको छ । सहिदहरूको सही मूल्याङ्कन, योगदानको सम्मान र गरिमा बचाउने दायित्व वर्तमान पुस्ताको र त्यसमा पनि राजनीतिक नेतृत्वको हो तर यस्तो संस्कृतिको विकास हुन सकेको छैन । निरङ्कुशताविरुद्ध र नेपाली मात्रको स्वतन्त्रता र समुन्नतिका पक्षमा सहिदहरूले गरेको त्याग, तपस्या र बलिदानको सम्मान गर्नुपर्नेमा त्यसो हुन सकिरहेको छैन । पछिल्लो समय सहिद सप्ताह र सहिद दिवस केवल औपचारिकतामा सीमित हुन थालेका छन् तर यस्तो दिवसलाई केवल परम्परा धान्ने वा औपचारिकतामा मात्र सीमित राख्नु विडम्बना हो। यस प्रकारका अवसरलाई सहिदले देखाएको बाटो र दिशातर्फ इमानदारीपूर्वक अग्रसर हुने प्रतिबद्धता जनाउने अवसरका रूपमा लिन सक्नु पर्छ। महान् सहिदहरूको सपना साकार पार्न इमानदार हुने अठोट गर्न सक्नु पर्छ । यसो हुन सकेमा मात्र सहिद दिवस मनाउनुको सार्थकता र औचित्य हुन्छ । महान् सहिदहरूका महान् सपनाहरू साकार पार्नका निम्ति हामी सङ्कल्पबद्ध हुनु पर्छ। सहिदहरूले देखाएको बाटोमा हामी हिँड्नसके मुलुक र जनतालाई समृद्धितर्फ अग्रसर गर्न सके महान् सहिदप्रति सच्चा श्रद्धाञ्जली हुने छ। *–गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# अधिकृत नहुँदा न्यायिक समितिको कार्य सम्पादनमा समस्या

नमस्ते समचारदाता
कैलाली, माघ/१६



कैलालीको स्थानीय तहमा कानुन अधिकृत नहुँदा कार्य सम्पादनमा समस्या हुने गरेको बताइएको छ। घोडाघोडी नगरपालिका -१ सुखडमा नागरिकको न्यायमा सहज पहुँचका लागि न्यायिक र अर्धन्यायिक निकायको जिम्मेवारी र भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखले सो समस्या बताउनुभएको हो ।अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा भएका अन्तरक्रिया कार्यक्रममा घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडकबहादुर रावतले न्यायिक समितिप्रतिको धेरै नागरिकको अपेक्षा भए पनि भनेअनुसार काम गर्न नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'मुख्य समस्या भनेको नै न्यायिक समितिमा कानुन अधिकृत व्यवस्था नहुनु नै हो ।' यस्ता समस्याहरू अधिकांश पालिकामा रहेको उहाँको भनाइ छ । आफ्नो पालिकामा समेत कानुन नपढेको जनशक्तिबाट न्यायिक समितिको कामकाज गर्नुपरेको बाध्यता सुनाउनुभयो। त्यसैगरी लम्कीचुहा नगरपालिकाका उपप्रमुख तथा न्यायिक समिति संयोजक जुना चौधरीले न्यायिक समितिमा कानुन अधिकृत नहुँदा न्याय निरूपण गर्न समस्या भएको अनुभव सुनाउनुभयो । स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएअनुसार न्यायिक समितिले काम कारबाही गर्दै आएको उहाँले बताउनुभयो । घोडाघोडी नगरपालिकाका कानुन शाखाका हेमकान्त सुबेदीले नगरपालिकाले मेलमिलाप केन्द्र कार्यविधि बनाएर काम गरिरहेको बताउनुभयो । अधिकांश विवादहरू वडामा रहेको मेलमिलाप केन्द्रमा समाधान हुने गरेको र केही विवादहरू न्यायिक समितिले निरूपण गरिरहेको उहाँले जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय सुखडका प्रहरी निरीक्षक दिर्घबहादुर साउँदले न्यायका मान्य सिद्धान्तको अधीनमा रही न्याय सम्पादन गरी छिटोभन्दा छिटो, कम खर्चिलो र प्रभावकारी न्याय दिने काम न्यायिक समितिको भए पनि न्याय समितिमा जाने मुद्दा प्रहरीकोमा पुग्ने गरेको बताउनुभयो । न्यायिक समितिले स्थानीय स्तरमा हुने विवादहरू खासगरी देवानी प्रकृतिका मुद्दाहरू अंशबन्डा, साँध मिचिएको, घरेलु झैझगडा आदि विषयहरू निरूपण गर्ने संवैधानिक व्यवस्था छ, तर पनि अझै यस्ता विवादहरू प्रहरीमा आउने गर्छन, उहाँले भन्नुभयो । सिएमसी नेपालका प्रतिनिधि सुशीला चौधरीले पछिल्लो समयमा मानिसहरू मानसिक समस्यामा फस्दै गएको धारणा राख्नुभयो । मानसिक स्वास्थ्य सम्बन्धी सचेतना जगाउने र सबैको मानसिक स्वास्थ्यलाई विश्वव्यापी मानव अधिकारको रूपमा प्रवर्धन एवं संरक्षण गराउनु पर्ने उहाँको जोड थियो । मानव अधिकार समूह घोडाघोडीका सदस्य शंकर चौधरीले न्यायिक समितिको बारेमा समाजमा जानकारी नभएको जनाउँदै न्यायिक समितिले के कस्ता विवादहरू समाधान गर्छ भन्नेबारेमा आम मानिसलाई टोल बस्तीमा गएर जानकारी गराउनु पर्ने बताउनुभयो । कानुनका विद्यार्थी ओम प्रकाश अवस्थीले स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव देखिएको बताउनुभयो । सरकारी तहबाट बेलाबखतमा नगर, गाउँ वडा र बस्तीहरूमा तालिम तथा अभिमुखीकरण सञ्चालन गर्नुपर्ने आवश्यक देखिएको उहाँको भनाइ छ । कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले नागरिकहरूको न्यायमा पहुँच पुऱ्याउने तथा न्यायिक निकायलाई पीडितमैत्री बनाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो । पीडितको न्यायका लागि र पीडितको न्यायसम्म सहज पहुँचका लागि प्रहरी प्रशासन, न्यायिक समिति, नागरिक समाज तथा अन्य सरोकारवालाबिच समन्वय र सहकार्य हुन आवश्यक रहेको प्रदेश संयोजक जोशीले बताउनुभयो । आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार प्राप्तिमा सबैको सहज पहुँच हुनुपर्ने उहाँको धारणा थियो ।

# बाँकेमा ६ महिनामा ५० वटा सवारी साधन चोरी

नमस्ते समचारदाता
बाँके, माघ/१६




बाँके जिल्लाभरबाट चालु आर्थिक वर्षको ६ महिनामा ५० वटा सवारी साधन चोरी भएका छन् । आर्थिक वर्ष २०८१-०८२ को साउन महिनादेखि हालसम्म जिल्लामा मात्रै ५० वटा सवारी साधन चोरी भएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । जिल्ला प्रहरी कार्यालयले बाँकेले दिएको विवरण अनुसार २०८१ साउन ३ गतेदेखि २०८१ पुस २९ गतेसम्मको अवधिमा कार, मोटरसाइकल, स्कुटर र इ-रिक्सा गरेर ५० वटा सवारी साधन चोरी भएका हुन् । यो अवधिमा जिल्लामा ४२ मोटरसाइकल, एउटा कार, तीन वटा स्कुटर र चार वटा इ-रिक्सा चोरी भएको प्रहरीले जनाएको छ । चोरी भएका सवारी साधनको विषयमा पटकपटक उजुरी गर्दा पनि पत्ता नलागेको पीडितले गुनासो गर्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता डिएसपी आयुस जोशीले ६ महिनाको अवधिमा जिल्लामा चोरी भएका सवारी साधनको नम्बर र विवरण सार्वजनिक हुँदै आएको बताउनुभयो । यसरी विवरण सार्वजनिक हुँदा खोजी कार्यमा सहयोग पुग्ने प्रहरीको विश्वास छ । बाँके जिल्ला भारतीय सीमा जोडिएकोले चोरी भएका सवारी साधनलाई तत्काल सीमापार हुने समस्या भएकाले भेट्न कठिन हुने अनुसन्धानमा संलग्न प्रहरी अधिकारीको भनाइ छ ।

# कोहलपुरमा घाँस काट्न गएका बालकको करेन्ट लागेर मृत्यु

नमस्ते समचारदाता
कोहलपुर, माघ/१६



बाँकेको कोहलपुरमा घाँस काट्नका लागि जङ्गलमा गएका एक बालकको करेन्ट लागि मृत्यु भएको छ। कोहलपुर नगरपालिका वडा नम्बर १२ का १४ वर्षीय बालक सन्दीप अर्यालको घाँस काट्ने क्रममा मंगलबार करेन्ट लागेर मृत्यु भएको कोहलपुर प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायव उपरीक्षक धर्मराज भण्डारीका अनुसार बालक सन्दीपलाई कोहलपुर नगरपालिका वडा नम्बर १२ स्थित रक्षा मध्यवर्ती सामुदायिक वनमा घाँस काट्ने क्रममा करेन्ट लागेको थियो । घाँस काट्नका लागि कुसुमको रुखमा चढेका सन्दीपलाई विद्युतको हाइटेन्सन लाईनमा छुन पुग्दा करेन्ट लागेको प्रनाउ भण्डारीले जानकारी बताए। उनका अनुसार रुखमा करेन्ट लागेपश्चात भुइँमा लडी घाइते भएका सन्दीपलाई उपचारका लागि नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा लगिएको थियो । उपचारका क्रममा डाक्टरले सन्दीपलाई मृत्यु भएको घोषणा गरेको भण्डारीले बताए। करेन्ट लागेर घाइते भएका सन्दीपलाई उद्दार गर्न प्रहरी निरीक्षक हरि भट्टराईको कमाण्डमा प्रहरीको टोली घटनास्थल पुगेर उपचारका लागि अस्पताल पुऱ्याएको कोहलपुर प्रहरीले जनाएको छ ।

# पुल मर्मत नहुँदा आवागमनमा सास्ती

नमस्ते समचारदाता
अछाम, माघ/१६



सात महिनाअघि अछाम र दैलेखबिचको कर्णाली नदीको झोलुङ्गे पुलमा खच्चड गइरहेका बेलामा लट्ठा चुडिँयो। पुल चुँडिएर अड्किएका खच्चडलाई कर्णाली नदीमा खसालेर उद्धार गरियो तर चुँडिएको पुल हालसम्म पुनर्निर्माण गरिएको छैन। यसको निर्माणको बहस स्थानीयदेखि संसद्सम्मै पुग्यो। गत जेठमा लट्ठा चुँडिएको खिड्कीज्युलाको पुल हालसम्म मर्मत भएको छैन। सो पुल मर्मत नहुँदा अछाम र दैलेखका स्थानीय सास्ती भोगिरहेका छन्। "दुई जिल्ला जोड्ने पुल भए पनि हाम्रो सबै घरव्यवहार वारिपारि हुन्छ, दैलेखतिरका केटाकेटी यता पढ्न आउँछन्, यताका हामी उपचार र खाद्यान्न किन्न पारि (दैलेख) जान्छौँ," पञ्चदेवल विनायक नगरपालिका-९, कालेकाँडाका भरत साउदले भन्नुभयो। पुल मर्मत नहुँदा विद्यालय जाने छात्रछात्रा, बिरामीलाई उपचार गर्न, दैनिक उपभोग्य सामग्री र अन्य कामका लागि आवतजावतमा ठुलो समस्या आएको उहाँले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयले आवतजावतमा रोक लाएको पुलमा स्थानीय जोखिमपूर्ण रूपमा बाध्यतापूर्वक पुल प्रयोग गरिरहेका छन्। लट्ठा चुँडिएको पुलभन्दा तल निर्माण गरिएको पुलमा आवतजावत गरेर विद्यालय र गाउँ पुग्न तेब्बर समय लाग्ने गरेको बताइएको छ। पुल चुँडिनुभन्दा पहिला विद्यार्थी १०/१५ मिनेटमै विद्यालय पुग्ने विद्यार्थीलाई करिब एक घण्टा समय लाग्ने गरेको स्थानीयको भनाइ छ। पुल मर्मतको अभाव र अर्को पुल टाढा भएकाले १० जना जति साना छात्रछात्रा विद्यालयमा जेठदेखि अनुपस्थित भएको चण्डिका मावि कालेकाँडाका प्रधानाध्यापक कलम शाहीको भनाइ छ। चुँडिएको पुलभन्दा तल करिब एक किलोमिटर टाढा अर्को पुल दैलेखतिरको छेउमा नैनेल देवताको मन्दिर भएका कारण महिनावारी भएका महिला तथा किशोरी, आठ महिनापछिका गर्भवती र भात बोकेर जान नपाइने अन्धविश्वासका कारण पुल तर्न स्थानीयलाई थप समस्या भइरहेको छ। अपायक र अन्धविश्वासका कारण केहीले ज्यान जोखिममा राखेर जीर्ण पुल तरेर जानुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ रहेको छ। "छाउ भएकाले सात/आठ दिनसम्म मन्दिरनजिक जान हुँदैन भनेर तलको पुल तर्दैनन्, हामीले त केही हुँदैन भनिरहेकै छौँ तर मान्दैनन्," वडाध्यक्ष रामप्रसाद जैसीले भन्नुभयो। पुल चुँडिएर खच्चड अड्किएको खबर सरकार र संसद्सम्मै पुगेपछि स्थानीयले तत्कालै मर्मत हुने आस गरेका थिए तर सात महिना बितिसक्दा पनि पुल मर्मतको प्रक्रियासमेत अघि बढेको छैन। चुँडिएको पुल पुनः सञ्चालनमा ल्याउनका लागि स्थानीयस्तरमा प्रयास भइरहेको भए पनि माथिल्लो निकाय सकारात्मक नभएको वडाध्यक्ष जैसीको भनाइ छ।



जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# सिटी हल निर्माण अन्योलमा

नमस्ते समचारदाता

सुर्खेत, माघ/१६



बजेट विनियोजन नहुँदा वीरेन्द्रनगर सिटी हल (सभागृह) निर्माण कार्य अघि बढ्न सकेको छैन। सिटी हल निर्माणको दोस्रो चरणको काम अन्योलमा छ। सरकारले चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेको छैन। बजेटको स्रोत सुनिश्चित नहुँदा सिटी हल निर्माणको बाँकी काम अघि बढाउन समस्या भएको हो। पटक पटक बजेट माग गरिएको भवन डिभिजन कार्यालय सुर्खेतले जनाएको छ। कार्यालय प्रमुख कमल दर्लामीमगरले विभाग र अर्थ मन्त्रालयमा पटक पटक बजेट माग गरिएको भए पनि कुनै प्रतिक्रिया नआएको बताउनुभयो। गत आर्थिक वर्षमा बजेट विनियोजन गरेको सरकारले चालु आवमा बजेट नै विनियोजन गरेन। गत आव २०८०/८१ मा सरकारले तीन करोड ७५ लाख बजेट विनियोजन गरेको थियो। उक्त बजेट कार्यान्वयन नहुने भएपछि कार्यालयले बजेट फिर्ता पठाइदिएको थियो। उक्त समयमा सर्वोच्च अदालतले काम नगर्न भनेको थियो तर अहिले काम गर्ने बाटो खुलेको भए पनि बजेट विनियोजन नगरिँदा काम अघि बढाउन समस्या भएको हो। सर्वोच्च अदालतले यसअघि ठेक्का पाएको निर्माण कम्पनीलाई कामको भुक्तानी दिन अन्तरिम आदेश दिएसँगै नयाँ ठेक्का सम्झौताको बाटो खुलेको छ। २०८० चैत २० गते सम्झौता रद्द भएको निर्माण कम्पनीले गरेको कामको मूल्याङ्कनका आधारमा भुक्तानी दिन सर्वोच्चले भनेको छ। चालु आवमा बजेट विनियोजन नहुँदा कामको भुक्तानी दिन र नयाँ ठेक्का सम्झौताको काम अघि बढाउन नसकिएको कार्यालय प्रमुख मगरले बताउनुभयो। सर्वोच्चले समेत काम अघि बढाउन मार्गप्रशस्त गरिसकेको उहाँको भनाइ छ। २०७८ सालमा मजदुर पिएस जेभी सुर्खेतले दोस्रो चरणको कामका लागि चार करोड रुपियाँमा ठेक्का सम्झौता गरेको थियो। २०७९ असारसम्म निर्माण सम्पन्न गर्ने गरी जिम्मा पाएको कम्पनीसँग ठेक्का रद्द गरिएको हो। सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतले २०८० साल भदौमा ठेक्का तोडेको हो। ठेक्का रद्द गरिएपछि बाँकी रहेको काम अलपत्र परेको छ। ठेक्का तोडिएको एक वर्ष बितिसक्दा समेत नयाँ प्रक्रिया अघि बढ्न सकेको छैन। सम्झौता रद्द हुनुअघि उक्त कम्पनीले ५५ प्रतिशत काम भने गरिसकेको छ। उक्त कम्पनीले करिब तीन करोड बराबरको काम गरिसकेको बताइएको छ। अहिले दोस्रो चरणको काम अलपत्र परेको छ। पहिलो चरणको काम २३ करोड रुपियाँको लागतमा सम्पन्न भए पनि दोस्रो चरणको काम अलपत्र परेको छ। पहिलो चरणको काम सम्पन्न गरी भवन डिभिजन कार्यालय सुर्खेतले २०७७ फागुनमा वीरेन्द्रनगर नगरपालिकालाई सिटी हल हस्तान्तरण गरेको थियो। नगरपालिकाको मातहतमा आइसके पनि पालिकाले त्यसको संरक्षण र व्यवस्थापनमा चासो नदिएको पाइएको छ। एकातर्फ सिटी हल निर्माण सम्पन्न भएको छैन भने अर्कातर्फ बनेका संरचना जीर्ण बन्दै गएका छन्। बैठक कक्ष र पर्खाल निर्माण, साउन्ड बक्स, बसाइ व्यवस्थापनलगायतका काम प्रभावित भएका छन्। ७८० जना अट्ने क्षमताको सभा हल, १५० व्यक्ति अट्ने दुई वटा बैठक कक्ष निर्माण भइसकेका छन्। सिटी हलको डेकोरेसनको काम बाँकी रहेको छ। सभा हल, बैठक कक्षभित्र साउन्ड बक्स जोड्न बाँकी छ भने आवश्यक कुर्सी व्यवस्थापन गनुपर्ने छ।

# एक वर्षमा २६ हजार बढीले आयुर्वेदिक उपचार सेवा लिए

नमस्ते समचारदाता

धनगढी, माघ/१६



कैलालीको धनगढीस्थित राजपुरमा रहेको सुदूरपश्चिम प्रादेशिक आयुर्वेद चिकित्सालय बाट एक वर्षमा २६ हजार ७२२ जनाले ओपिडी सेवा लिएका छन्। गत आर्थिक वर्षमा सो संख्यामा सेवाग्राहीले सेवा लिएका हुन्। जसमध्ये महिला १४ हजार ७२५ र पुरुष ११ हजार ९९७ जना रहेका जनाइएको छ। त्यस्तै, १३ हजार २९७ जनाले पूर्वकर्म/पञ्चकर्म, ७२ जनाले क्षारसूत्र सेवा लिएका अस्पतालका चिकित्सक डा. ओमप्रकाश कलौनीले जानकारी दिनुभयो। यसैगरी, चिकित्सालयले १७ हजार ९३३ जनालाई निःशुल्क औषधी वितरण गरेको छ। सात हजार ३९९ ले ज्येष्ठ नागरिक र ९०८ जनाले स्तनपायी सेवा लिएका जनाइएको छ। चालु आर्थिक वर्षको पुससम्म ओपिडी सेवा आठ हजार ४२१, पञ्चकर्म आठ हजार ७८३, ज्येष्ठ नागरिक दुई हजार ८६३ र मातृशिशु सेवा ३६९ जनाले लिएको जनाइएको छ। प्रदेशको नागरिकलाई सर्वसुलभ स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने उद्देश्यका साथ २०७९ बाट यो चिकित्सालय सञ्चालनमा आएको थियो। यद्यपि, चिकित्सालयले अझै पनि अपेक्षाकृत रूपमा सेवाग्राही पाउन नसकेको अस्पतालका सूचना अधिकारी सुरेन्द्र शाहीले बताउनुभयो।

# सहिद दिवसको अवसरमा दीपावली

नमस्ते समचारदाता

हुम्ला, माघ/१६



सवै खाले आन्दोलनका क्रममा आफ्नो ज्यान आहूति दिने सहिदको सम्झनामा हुम्लामा दीपावली गरिएको छ। बुधबार सहिद दिवसको अवसरमा सदरमुकाम सिमकोटमा बेलुका ६ बजे लोकतन्त्र चोकमा दीपावली गरेर सहिद दिवस मनाइएको हो। संघीयता कार्यान्वयन भएयता जिल्लामा सहिद दिवस नमनाई रहेको अवस्थामा यस पटक भने प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेको अगुवाइमा सहिद दिवस मनाउने कार्य भएको छ। बुधबार बेलुका छ बजे एयरपोर्ट चोकबाट काठेचुली चोक हुँदै लोकतन्त्र चोकसम्म मौन र्‍याली निकाल्दै दीपावली गरिएको छ। महान सहिदलाई सम्झने क्रममा यो कार्यक्रम आयोजना गरिएको प्रजिअ पाण्डेले बताए। र्‍याली र दीपावली कार्यक्रममा प्रजिअ पाण्डे, प्रहरी नायव उपरिक्षक शंकर पोखरेल, नेकपा एमाले उपाध्यक्ष प्रकाश बहादुर शाही, नेकपा माओवादी केन्द्रका सचिव धर्मराज बोहरा, राप्रपा अध्यक्ष बिकास महत, पत्रकार महासंघका अध्यक्ष राजन रावत लगायत सहभागी थिए। साँझ सरकारी कार्यालयमा दीपावली गर्ने कार्यक्रम रहेको छ।

# समितिमै थन्कियो खेलकुद ऐन संशोधन विधेयक

नमस्ते समचारदाता

सुर्खेत, माघ/१६




कर्णाली प्रदेशको खेलकुद विकास ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक प्रदेश सभाको सामाजिक विकास समितिमै थन्किएको छ। संशोधन विधेयक समितिमै थन्किँदा प्रदेश खेलकुद विकास परिषद् सञ्चालनमा समेत सकस परेको छ। खेलकुद ऐन संशोधन गर्न बनेको विधेयक विगत दुई वर्षदेखि समितिमा थन्किएपछि आमनागरिकस्तरबाट समेत प्रदेश सरकारको आलोचना भइरहेको छ। प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव विश्वामित्र सन्ज्यालको पदावधिका सम्बन्धमा द्विविधात्मक र सेवासुविधा प्राप्त गर्न समस्या भएपछि दुई वर्षअघि नै (२०७९) मा प्रदेश सभामा पुगेको सो विधेयकले अझै पूर्णता पाउन सकेको छैन। एकातिर ऐन संशोधन नहुँदा खेलकुद विकास परिषद्का नयाँ पदाधिकारी चयनमा झमेला आइपरेको छ भने अर्कोतिर सदस्यसचिव सन्ज्यालले सेवासुविधा नपाएरै बिदा हुनुपर्ने अवस्था आएको छ। सन्ज्यालको पदावधि सम्बन्धी पनि द्विविधा कायमै छ। पुस ६ गतेदेखि सन्ज्यालको पदावधि समाप्त भएकाले नयाँ सदस्यसचिव नियुक्ति गर्ने वा उनैलाई म्याद थप गर्ने भन्ने विवाद उत्पन्न भएको छ। सुरुमा हचुवाका भरमा ऐन बनाउँदा अहिले खेलकुद परिषद्मा झमेला आइपरेको हो। कर्णालीमा आगामी चैतमा १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदै छ तर अहिलेसम्म ऐन संशोधन हुन सकेको छ, न त सदस्यसचिवको विषयमा भने टुङ्गो नै लागेको छ। सदस्यसचिवको विषयमा सत्तारूढ दल नेकपा (एमाले) नयाँ व्यक्तिलाई नियुक्ति गर्ने पक्षमा उभिएको छ। कांग्रेस लगायतका केही दल निवर्तमान सदस्य सचिवकै नेतृत्वमा नयाँ कार्य समिति बनाउनुपर्ने पक्षमा छन्। प्रदेशको गौरवको आयोजनाका रूपमा रहेको प्रादेशिक रङ्गशाला निर्माणको काम अन्तिम अवस्थामा रहेकोले बाँकी काम उहाँकै नेतृत्वमा सम्पन्न होस् भन्ने चाहना धेरैले देखाएका छन् तर मुख्यमन्त्री यामलाल कँडेल भने नयाँ नियुक्ति गर्न चाहनु भएको छैन। यो विषयमा एमाले र कांग्रेसबिच कुरा नमिल्दा प्रदेश खेलकुद परिषद् बन्धक जस्तो बनेको गुनासो भइरहेको छ।

### ऐनविपरीत जिम्मेवारी

कर्णाली प्रदेशको खेलकुद विकास ऐन, २०७६ विपरीत प्रदेश खेलकुद विकास परिषद्को जिम्मेवारी सामाजिक विकास मन्त्रालयका शिक्षा अधिकृतलाई दिइएको छ। सामाजिक विकासमन्त्री घनश्याम भण्डारीको आदेश अनुसार सामाजिक विकास मन्त्रालयका सचिव दीर्घ बहादुर पोखरेलले वरिष्ठ शिक्षा अधिकृत रामप्रसाद उपाध्यक्षलाई परिषद्को जिम्मेवारी तोक्नुभएको हो। ऐनमा सामाजिक विकासमन्त्रीले परिषद्को सदस्यसचिवलाई बैठक बोलाउन निर्देशन दिने र बैठकको अध्यक्षता ग्रहण गर्ने बाहेकको कुनै पनि जिम्मेवारी दिएको छैन। साथै सदस्य सचिवको पदावधि समाप्त भएको वा पद रिक्त भएको अवस्थामा सदस्यसचिवको जिम्मेवारी कसलाई दिने वा तोक्ने भनी ऐनमा पनि व्यवस्था छैन। सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले ऐनविपरीत मन्त्रालयकै शिक्षा अधिकृत उपाध्यायलाई गत पुस २६ गते परिषद्को जिम्मेवारी दिनुभएको हो। प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिवको पुस ६ गतेदेखि पदावधि समाप्त भएकाले सदस्यसचिवको नयाँ नियुक्ति नभएसम्मका लागि प्रदेश खेलकुद विकास परिषद्को दैनिक कामकाज सञ्चालनका लागि भन्दै शिक्षा अधिकृतलाई थप जिम्मेवारी तोकिएको पत्रमा उल्लेख छ। ऐन संशोधन नभएको र मौजुदा ऐनमा कुनै व्यवस्था नभएकाले बाध्य भएर काम चलाउन मन्त्रीको आदेश अनुसार जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ तर कामकाजका लागि तोकिएको व्यक्तिलाई आर्थिक कारोबारको अधिकार भने दिइएको छैन।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके